नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## संघीय मामिला शाखा

सिंहदरवार, काठमाडौं

पत्र संख्याः सं.मा.शा. २०७२/०७३

चलानी नं. १६०

फोन नं. ०१ ४२११८९५

मिति : २०७३/२/२२

**विषयः- स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिमा आमन्त्रित प्रतिनिधि थप गरिएको सम्बन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालय,**
**सबै ।**

उपर्युक्त विषयमा यस मन्त्रालयको प.सं. २०७२/७३ च.नं. १५४, मिति २०७३।०१।०२ को पत्रबाट प्रत्येक जिल्लाको स्थानीय विकास अधिकारीको संयोजकत्वमा **स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समिति** रहने व्यवस्था गरिएको व्यहोरा अवगतै छ ।

सो सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवम् स्थानीय विकास मन्त्रीज्यूको अध्यक्षतामा २०७३।०१।३१ मा बसेको सहजीकरण समितिले जिल्ला स्थित उक्त प्राविधिक सहयोग समितिमा जिल्ला वन कार्यालयका अधिकृत प्रतिनिधिलाई नियमितरुपमा आमन्त्रित गर्ने निर्णय गरेकोले सोही अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

२०७३/२/२२

(रविन्द्र आचार्य)
शाखा अधिकृत

**सादर अवगतार्थ**

माननीय उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यू ,
श्रीमान् सचिवज्यू, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

**बोधार्थ**

श्री गाँउपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग, काठमाडौं ।
श्री सूचना तथा विद्युतीय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयः- **मन्त्रालयको वेबसाइटमा अपलोड गरि दिनुहुन ।**